**एनएमबि बैंकद्वारा भोटेकोशी बाढी प्रभावितका लागि रु. तीन करोड एकाउन्न लाख रुपैयाँ सहयोग**

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले एनएमबि बैंक लिमिटेडका संचालक समितिका अध्यक्षले 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'मा जम्मा हुने गरी रु. तीन करोड एकाउन्न लाख रुपैयाँ रकमको चेक अर्थ मन्त्रीलाई हस्तान्तरण गर्नुभयो । साथै, बैंकले उक्त प्रभावित क्षेत्रका नगरिकहरुका लागि रु. दश लाख बराबरको राहत सामाग्री समेत प्रदान गरेको छ ।

अचानक आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा तथा चितवनलगायतका नदी तटीय क्षेत्रमा ठूलो क्षति पुगेको छ । बाढीले जनधनको क्षति हुनुका साथै धेरै घर परिवार विस्थापित भएका छन् भने सडक, स्थानीय पूर्वाधार र जलविद्युत् आयोजनाहरूमा समेत ठूलो असर परेको छ ।

यस कठिन परिस्थितिमा प्रभावित नागरिकहरूको साथमा उभिँदै बैंकले उक्त सहयोग प्रदान गरेको हो । यसबाट बाढी प्रभावितको उपचार, खाद्यान्न तथा आवासको व्यवस्था र क्षतिग्रस्त संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापनाका जस्ता कार्यहरुमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

**NMB Bank Contributes NPR 35.1 Million to Support Bhotekoshi Flood-Affected Communities**

NMB Bank has contributed NRs. 35.1 million to the Prime Minister's Disaster Relief Fund to support rescue, relief, and rehabilitation efforts for communities affected by the devastating Bhotekoshi River flash flood. The cheque was formally handed over by the Chairman of the bank's Board of Directors to the Finance Minister. In addition to the monetary aid, the bank provided essential relief materials worth NRs. 10 Lakhs to the affected citizens.

The sudden and severe flooding has caused significant loss of life and property in areas along the river, including Rasuwa, Nuwakot, Dhading, Gorkha, and Chitwan. Many families have been displaced, while roads, local infrastructure, and hydropower projects have also suffered major damage.

The Bank is providing this support to help meet the immediate needs of affected communities and support their recovery. The contribution is expected to assist with medical treatment, food and shelter, as well as the rebuilding of damaged infrastructure.